नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

पत्र संख्याः (        )

२०६७/१/२७

**श्री अध्यक्षज्यू,**
**जिल्ला/नगर उद्योग वाणिज्य संघ,**
**वस्तुगत संघ, द्विराष्ट्रिय उवासंघहरु**
**एवं श्री प्रमुखज्यू, एसोसिएट सदस्यहरु, नेउवामहासंघ ।**

**विषयः नेउवामहासंघको आकस्मिक बैठक ।**

**महोदय,**

नेपाली जनताले वर्षौदेखि प्रतिक्षा गरेको जनताको संविधान निर्धारित मितिमा निर्माण भई घोषणा हुने संभावना अव रहेन । आम जनताको भावना अनुसार संविधानसभाको निर्वाचनबाट स्थापित संविधानसभा मार्फत आगामी जेष्ठ १४ गते संविधान जारी गर्न राखेको समयसिमा अत्यन्त नजिक आइसक्दा पनि प्रमुख राजनीतिक दलहरु बीच राजनीतिक सहमति नहुंदा राष्ट्र गम्भिर संकट तर्फ उन्मुख देखिएको छ । बन्द हड्ताल, असुरक्षा र अशान्तिबाट उद्योग व्यवसाय लगायत समग्र अर्थतन्त्र अझ जर्जर हुनुको साथै उद्योग व्यवसाय शिथिल हुदै गएको छ ।

यस्तो विषम परिस्थितिमा उद्योग वाणिज्य क्षेत्रले आम राजनीतिक सहमति कायमगरि मुलुकलाई गम्भीर दूर्घटनाबाट बचाउन निकै ठूलो पहल गर्दै आएको र आगामी दिनमा समेत निजी क्षेत्रबाट के–कस्तो पहल गर्नुपर्छ भन्ने सन्दर्भमा आफना सवै सदस्यहरुसँग व्यापक छलफल गरी एउटा ठोस निर्णयमा पुग्नु आवश्यक रहेकोले यस महासंघद्वारा निम्न मिति, समय र स्थानमा एक आकस्मिक बैठक आयोजना गर्न लागिएको व्यहोरा महोदयमा जानकारी गराउंदछु ।

महासंघका सदस्य जिल्ला/नगर उवासंघहरु, वस्तुगत संघहरु, द्विराष्ट्रिय उवासंघका अध्यक्षज्यूहरु तथा एसोसिएट सदस्यका प्रमुखज्यूहरुलाई उक्त बैठकमा आमन्त्रण गर्दछु । उक्त बैठकमा सदस्य संघ, संस्थाका अध्यक्षज्यूहरु उपस्थित हुन नसक्ने भएमा कार्यसमितिको निर्णय सहित आधिकारिक रुपमा प्रतिनिधित्व गर्न सक्ने व्यक्तिलाई पठाई दिनु हुन समेत अनुरोध छ ।

**कार्यक्रम**
मिति : २०६७ साल वैशाख ३० गते विहिबार ।
समय : विहान ९:०० बजे ।
स्थान : डीईसीसीको हल, युनाइटेड वर्ल्ड ट्रेड सेन्टर, त्रिपुरेश्वर, काठमाडौं ।

भवदीय,

(हेमन्त दवाडी)
महानिर्देशक

**बोधार्थः**
श्री अध्यक्षज्यू, नेउवामहासंघ ।
श्री निवर्तमान अध्यक्षज्यू, नेउवामहासंघ।
श्री भूतपूर्व अध्यक्षज्यूहरु, नेउवाहासंघ ।
श्री बरिष्ठ उपाध्यक्ष एवं उपाध्यक्षज्यूहरु, नेउवामहासंघ ।
श्री सल्लाहकार समितिका सभापति एवं सदस्यज्यूहरु, नेउवामहासंघ ।
श्री कार्यकारिणी समिति सदस्यज्यूहरु, नेउवामहासंघ ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION, Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

http://www.fncci.org

STOP Child Labour